


# ४ हाम्रा सबै धार्मिक शिक्षादिक्षा वा दर्शनको आधिकारिक स्रोत-बाइबल

<u>*यस अध्यायका मूल पदहरू*</u>: मर्कूस ७:१-१३, रोमी २:४, १ यूहन्ना २:१५-१७, २ कोरन्थी १०:५,६, यूहन्ना ५:४६,४७ र यूहन्ना ७:३८।

<u>*यस अध्यायको मूल सार पद*</u>: **" व्यवस्था र गवाहीकहाँ जाओ! यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने तिनीहरूसित बिहानको मिरमिरे उज्यालो छैन (वा तिनीहरूमा दिव्यज्ञान वा प्रकाश छैन भनेर थाहा पाउनु" (यशैया ८:२० रूपान्तरित)।**

संसारमा लाखौँको संख्यामा विभिन्न इसाई सम्प्रदायहरू छन् जसले आआफ्ना विश्वासलाई अनुमोदन गर्न बाइबल नै प्रयोग गरेका हुन्छन्। यद्यपि ती सबै चर्चहरू वा सम्प्रदायका शिक्षादीक्षा वा धर्मदर्शनहरूमा पवित्र धर्मशास्त्र बाइबलको भूमिका र त्यसको मान्नुपर्ने आधिकारिकता समान छैन। अझ भन्ने हो भने एक चर्च वा सम्प्रदायदेखि अर्को चर्च वा सम्प्रदायमा बाइबलको भूमिका वा यसको बुझाइ अत्यन्तै फरक फरक भएको पाइन्छ। यो कुरा बुझ्नु धेरै जरुरी छ किनभने बाइबलमा लेखिएका सामग्रीहरूलाई बुझ्न र त्यसको व्याख्या गर्न जस्तो जटिल विषयलाई बुझ्न वा विभिन्न चर्च वा सम्प्रदायहरूले एउटै बाइबललाई विभिन्न तरिकाले व्याख्या गर्न चारवटा प्रभावकारी स्रोतहरूको उपयोग गरेका हुन्छन्, ती हुन्: परम्परा, व्यक्तिगत अनुभव, संस्कार वा संस्कृति, तर्क र बाइबल आफै।

प्रत्येक चर्च वा सम्प्रदायको प्रत्येक धर्मदर्शन, थियोलोजी वा शिक्षादीक्षामा ती स्रोतहरूले अत्यन्तै महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्। हामी जो भएतापनि वा जहाँ भएतापनि हामी सबै जनालाई कुनै न कुनै किसिमले विभिन्न संस्कार, परम्परा, रहनसहन र संस्कृतिहरूले प्रभावित पारिरहेका

हुन्छन्। हामी सबैमा आआफ्नै अनुभव वा ज्ञानका अनुभूतिहरू हुन्छन् जसले हाम्रो सोचबिचार र समझशक्तिलाई आकार दिन्दछन्। हामी सबैमा आआफ्नै दिमाग छ जसले हामीले देखेका, सुनेका र पढेका कुराहरूलाई मूल्याङ्कन गर्दछ। परमेश्वरको बारेमा बुझ्न र उहाँको इच्छालाई थाहा पाउन हामी सबैले त्यही बाइबल पढ्छौं। बाइबललाई व्याख्या गर्न र त्यसको उपयोगितालाई एकआपसको सम्बन्धमा प्रयोग गर्न माथिको कुन स्रोतलाई आधिकारिक हो भनेर मान्ने? माथिका विभिन्न स्रोतहरूलाई दिइने प्राथमिकता हाम्रो सबै शिक्षादीक्षा वा थियोलोजीलाई बुझ्ने वा व्याख्या गर्ने अन्तिम औजार भएको हुन्छ।

## १. आआफ्नो समाजमा चलेका परम्परा वा संस्कार

परम्परा आफै नराम्रो होइन। यसले हाम्रो जीवनलाई चलाइरहन निश्चित काम र संरचना वा बनोटलाई दोहोऱ्याउन सहयोग गर्दछ। यसले हाम्रो परिवार, कूल वा बंश समाजसँग जोडिरहन सहयोग गर्दछ। त्यसर्थ परम्पराले मानिसको धर्ममा महत्त्वपूर्ण भूमिका खेल्दछ। तर परम्परा नै सास्वत वा सिद्ध हो भनेर त्यसमा अडिग भएर बस्दा चाहिँ कतिपय समयमा खतराहरू पनि उब्जन सक्छन्।

**येशूकै समयमा यहूदीहरूले अपनाएका केही मानवीय परम्पराहरूप्रति उहाँले कस्तो आपत्ति जनाउनुभएको थियो ? र त्यसबाट हामीले के सिक्न सक्छौं भनेर मर्कूस ७:१-१३ले कसरी सिकाउँछ? हेर्नुहोस्: "१ यरूशलेमबाट आएका फारिसीहरू र शास्त्रीहरू येशूका चारैतिर भेला भए। २ येशूका कतिपय चेलाहरूले अशुद्ध हात, अर्थात् नधोएको हातले खाएका तिनीहरूले देखे (वा परम्परा अनुसार खानुभन्दा पहिले पानी छर्केर शुद्ध पार्ने चलन थियो)। ३ फरिसीहरू र सबै यहूदीहरू तिनीहरूका पुर्खाहरूले दिएका परम्पराअनुसार हात नधोई भोजन खाँदैनन्। ४ बजारबाट आएपछि स्नान गरेर शुद्ध नभई तिनीहरू खाँदैनन्। त्यति मात्र होइन, तिनीहरूले यस्ता धेरै अरू परम्परा मान्दछन्, अर्थात् कचौराहरू, भाँड़ाहरू र काँसोका भाँड़ाहरू औपचारिकरूपमा शुद्ध बनाउन धुने परम्परा। ५ तब फरिसीहरू र शास्त्रीहरूले उहाँलाई सोधे, "तपाईंका चेलाहरू पितापुर्खाले राखिदिएका परम्परामा किन चल्दैनन्, तर अशुद्ध हातले खान्छन्?"
६ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "यशैयाले तिमी कपटीहरूका विषयमा ठीकसँग यसरी अगमवाणी गरे, जस्तो लेखिएको छ, 'यस जातिले मलाई ओठले**

**मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मदेखि टाढ़ा छ। ७ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्।' ८ तिमीहरू परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरूका परम्परा मान्छौ।" ९ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू आफ्ना परम्परा मान्नलाई कति धूर्ततासँग परमेश्वरको आज्ञालाई टारिदिन्छौ। १० किनभने मोशाले भनेका छन्, 'आफ्ना आमा-बुबालाई आदर गर, र जसले आमा-बुबाको विरुद्धमा दुष्ट कुरा बोल्छ त्यो मारिनैपर्छ।' ११ यदि कुनै मानिसले आफ्ना बुबा वा आमालाई 'मबाट जे-जति मद्दत तपाईंहरूलाई मिल्नुपर्ने त्यो कुर्बान हो,' (अर्थात् परमेश्वरलाई चढ़ाइएको) भन्छ भने, १२ तिमीहरू त्यसलाई आफ्ना आमा-बुबाको निम्ति फेरि केही गर्न दिँदैनौ। १३ यसरी तिमीहरू आफ्नो चलिआएको परम्परालाई कायम राखेर परमेश्वरको वचनलाई चाहिँ रद्द तुल्याउँछौ। अनि यस्तै अनेक कामहरू तिमीहरू गर्दछौ।"**

जुन परम्पराको बारेमा येशूले सम्बोधन गर्नु भएको थियो त्यो परम्परा यहूदी समाजमा गुरुले चेलालाई सिकाउँथ्यो। त्यसबेलाका धर्मगुरुहरूले त्यस परम्परालई जोड दिएर सिकाउँथे। येशूको समयमा त्यस परम्परालाई पवित्र धर्मशाशास्त्रको शिक्षा सरह मानिन्थ्यो। तर परम्परा जब मान्दै गइन्छ तब समयको गतिसँगै विभिन्न विस्तृत विधि र पक्षहरू थपिदै जान्छ जसले परमेश्वरको सुरूदेखिको वचन र योजनालाई ओझेलोमा पार्दै जान्छ। धर्मको नाउँमा वा यहूदी समाजका गन्यमान्य धर्मगुरुहरू वा अगुवाहरूले (मर्कूस ७:३,५) मानवीय परम्पराहरूलाई आदर गरेतापनि र तिनीहरूलाई कायम गर्ने प्रयास गरेतापनि ती परमेश्वरको आज्ञासरह हुँदैन (मर्कूस ७:८,९)। ती मानिसहरूले चलाएका परम्पराहरू हुन् जसलाई पालना गरिरहँदा कालान्तरमा परमेश्वरको वचनको केही प्रभाव नै नहुने अवस्था आउँदछ (मर्कूस ७:१३)।

**पावलले परमेश्वरको वचन र मानवीय परम्पराको बीचमा के भिन्नता छ भनेर देहायका पदहरूमा दिएका छन् हेर्नहोस्। त्यो भिन्नतालाई आत्मसात् गर्नु किन जरुरी छ? हेर्नुहोस्, १ कोरन्थी ११:१-२ "१ मेरो अनुकरण गर्ने होओ, जसरी म ख्रीष्टको अनुकरण गर्दछु। २ म तिमीहरूको तारीफ गर्दछु, किनकि सबै विषयमा तिमीहरू मलाई सम्झन्छौ, र मैले तिमीहरूलाई दिएका शिक्षाहरू कायम राख्तछौ।" र २ थेस्सोलिनिकी ३:६ "६ अब भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा हामी तिमीहरूलाई आज्ञा दिन्छौं, कि हामीबाट तिमीहरूले पाएका शिक्षामा नचल्ने हरेक अल्छे भाइबाट अलग बस। ७**

**किनकि तिमीहरूले कसरी हाम्रो अनुकरण गर्नुपर्छ सो तिमीहरू आफै जान्दछौ।" हामी तिमीहरूसँग छँदा अल्छे भई बसेनौं।"**

परमेश्वरको जीवित वचनले मात्र हामीमा त्यस वचनप्रतिको श्रद्धा र विश्वास पैदा गराउँछ। त्यस वचनको भक्तिभावमा लाग्दा केही परम्पराहरू उत्पादन हुन्छ। तर हाम्रो विश्वास वा भक्तिको जीवनले जीवित परमेश्वरप्रति जहिले पनि बफादार हुन सिकाउँछ। हामीप्रति परमेश्वरको चाहना के हो सो उहाँको लिखित वचनमा प्रकट गरिएको छ। जसले जुनसुकै देश वा समाजमा रहेपनि सबै मानव परम्पराहरूमाथि परमेश्वरको वचनले विशेष स्थान ओगट्नुपर्दछ। जतिसुकै असल परम्पराहरू किन नहुन् ती सबैभन्दा माथिल्लो तहमा बाइबललाई उच्च स्थानमा राख्नुपर्छ र त्यसलाई नै प्राथमिकता दिनुपर्छ। कतिपय परम्पराहरू परमेश्वरसँगको अनुभव र उहाँको वचन अध्ययन गरेर उब्जन्छन् तर ती सबै कुराहरूलाई पवित्र धर्मशास्त्रको नापले जाँच्नुपर्दछ।

**हाम्रो चर्चमा के के क्रियाकलापहरू छन् जसलाई हामीले "परम्परा" भनेर मान्दछौं? ती सबै बाइबलीय शिक्षा सम्मत छन् कि छैनन् भनेर हेरिनु किन जरुरी छ? सोच्नुहोस्।**

## २. अनुभव वा व्यक्तिगत अनुभूति

**दया, परोपकारिता, धैर्यता, आत्मसंयमता, क्षमाशिलता, करुणा, सहिष्णुता र परमेश्वरप्रतिको प्रेम जस्ता असल मानिसमा हुनुपर्ने गुणहरू कसरी अनुभव गर्ने वा जगाउने? विश्वास वा आस्था भनेको कुनै भावनात्मक, सैद्धान्तिक र दिमागमा खेलाउने वौद्धिक विषयमात्र नभएर वास्तविकरूपमा हामीले अनुभव गर्नुपर्ने कुरा हो । फेरि हाम्रो अनुभवहरू बाइबलसम्मत नहुने वा बाइबलसँग बाझिने र त्यो हाम्रै विश्वासलाई खतम पार्ने कसरी हुनसक्छन्? हेर्नुहोस् देहायका पदहरूः रोमी २:१-११ (विशेष गरेर पद ४) "१ यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौ। २ यस्ता काम गर्नेहरूमाथि परमेश्वरको इन्साफ ठीकसँग पर्छ भनेर हामी जान्दछौं। ३ ए मानिस, तिमीले यस्ता काम गर्नेहरूलाई दोष लाउँछौ, र आफै पनि त्यही काम गर्छौ भने, के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्छौ? ४ *अथवा परमेश्वरको***

*कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ?* ५ तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ। ६ किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ। ७ धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरूलाई चाहिँ उहाँले अनन्त जीवन दिनुहुनेछ। ८ तर झगड़ालु, सत्यको पालन नगर्ने, र दुष्टतामा हिँड्नेहरूमाथि चाहिँ क्रोध र रिस पर्नेछ। ९ खराब काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र आपद् आइपर्नेछ, पहिले यहूदीमाथि र अन्यजातिहरूमाथि पनि। १० तर असलकाम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि अन्यजातिलाई पनि गौरव, इज्जत र शान्ति प्राप्त हुनेछ। ११ किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न।" र तितस ३:३-८ "३ किनभने हामी पनि एक पल्ट मूर्ख, अटेरी, बरालिएका, किसिम-किसिमका कामवासना र सुख-विलासमा फसेका, द्वेष र डाहमा दिन बिताउने, मानिसबाट घृणित भएका, एउटाले अर्कालाई घृणा गर्ने थियौं। ४ तर जब परमेश्वर हाम्रा मुक्तिदाताको भलाइ र प्रेम प्रकट भयो, ५ तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो, ६ जो उहाँले हाम्रा मुक्तिदाता येशू ख्रीष्टद्वारा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो, ७ ताकि उहाँको अनुग्रहले धर्मी ठहरिएर हामी अनन्त जीवनको आशा राख्ने उत्तराधिकारी बन्न सकौं। ८ यो भनाइ पक्का छ। म चाहन्छु कि तिमीले यी कुराहरूमा जोड देऊ, ताकि तिनीहरू जसले परमेश्वरमा विश्वास राखेका छन् आफूलाई असल काममा कायम राख्न होशियार रहून्, किनकि यी कुरा मानिसहरूका लागि उत्तम र लाभदायक छन्।

अनुभव भनेको मानव जीवनको अभिन्न भाग हो। यसले हाम्रो भावना, सोचबिचार, मनस्थिति र मनोवेगलाई शक्तिशालीरूपमा प्रभाव पार्दछ। उहाँको सृष्टिसँग र उहाँ आफैसँग हाम्रो अनुभवले महत्त्वपूर्ण काम गरेर त्यो गाँसियोस् र जीवनको आकार वा ढाँचा बनाओस् भन्ने तरिकाले हाम्रो संरचना गरिएको हो वा डिजायन गरिएको हो।

कला, प्रतिभा, सङ्गीत, सृष्टिका सुन्दर रचनाहरू, उहाँको मुक्तिको आनन्द र उहाँको वचनमा दिइएका प्रतिज्ञाहरूको शक्तिको सरहाना गर्दै तिनीहरूको सौन्दर्यताको सम्बन्धको अनुभव हामीले गर्न सकौं भन्ने परमेश्वरको

चाहना हो। हाम्रो धर्म, विश्वास वा आस्था केवल शिक्षादीक्षा वा सिद्धान्त र तार्किक निर्णय वा तर्क अनुसार ठिक भएकोलेमात्र विश्वास गर्ने होइन। परमेश्वर र उहाँको वचनलाई कुन दृष्टिकोणले हेर्छौं सो हेर्ने दृष्टिकोणलाई हाम्रो अनुभवले महत्त्वपूर्ण भूमिका खेल्दछ। फेरि त्यसैवखत परमेश्वरको इच्छा वा उहाँको बारेमा जान्न हाम्रो अनुभव पर्याप्त छैन र हाम्रो बुझाइ सिमित छ भनेर स्पष्टसँग हेर्न जरुरी हुन्छ।

२ कोरन्थी ११:१-४मा हामीलाई के चेतावनी दिइएको छ जसले गर्दा हाम्रो आफ्नै अनुभवमा भरपर्नु भनेको कति संकुचितता रहेछ भन्ने थाहा हुन्छ? हेर्नुहोस्, "१ तिमीहरूले मेरो थोरै मूर्खता सहिदिए पनि हुने! कृपया सहिदेओ! २ ईश्वरीय डाहले म तिमीहरूप्रति डाही भएको छु। एउटै पतिकी पवित्र दुलहीको रूपमा तिमीहरूलाई प्रस्तुत गर्न मैले ख्रीष्टसँग तिमीहरूको मगनी गरिदिएँ। ३ तर जसरी सर्पले आफ्नो चलाखिले हव्वालाई छल्यो, त्यसरी नै ख्रीष्टप्रतिको तिमीहरूको निष्कपट र चोखो भक्तिबाट तिमीहरूका विचारहरू भ्रममा पर्छन् कि भनेर मलाई डर लागेको छ। ४ किनकि यदि कुनै व्यक्ति आएर हामीले प्रचार गरेका भन्दा अर्कै येशूलाई प्रचार गऱ्यो भने, अथवा तिमीहरूले पाएका आत्माभन्दा अर्कै आत्मा तिमीहरूले ग्रहण गऱ्यौ भने, वा तिमीहरूले पाएका सुसमाचारभन्दा अर्कै कुनै सुसमाचार ग्रहण गऱ्यौ भने, तिमीहरू यी सबका सामु सजिलै झुक्दारहेछौ।"

अनुभवके आधारमा कुनै पनि शिक्षा वा दर्शनलाई विश्वास गर्नु धोखापूर्ण हुनसक्छ। बाइबल अनुसार अनुभवलाई उचित स्थानमा राख्नु आवश्यक छ। पवित्र धर्मशास्त्रबाटै अनुभवलाई आकार दिनुपर्छ वा संरचना गर्नुपर्छ। कसैको केही अनुभव छ भने त्यसलाई धर्मशास्त्रबाटै जाँच्नुपर्दछ। कतिपय समयमा हामी आफ्नै तर्क वा सोचबिचारले परमेश्वरको वचन र चाहनासँग नमिल्ने अनुभव गर्न चाहन्छौं। हाम्रो अनुभव र चाहनाहरूलाई माथ गर्ने गरेर परमेश्वरको वचनमा भरोसा राख्नु जरुरी छ। अर्थात् हाम्रो अनुभव र चाहनाहरूले परमेश्वरको वचनलाई प्राथमिकता दिन्छ कि दिदैन सो परमेश्वरको वचनबाट नै जाँच्न जरुरी छ। हामी दिनदिनै अनेकौं अनुभवहरू गर्दछौं तर ती अनुभवहरू परमेश्वरको वचनसम्मत छ कि छैन भनेर हामी आफूले आफैलाई सुरक्षित राख्नु जरुरी छ। हामी जे गर्छौं वा अनुभव गर्छौं त्यसले बाइबलको स्पष्ट शिक्षादीक्षाका बिरुद्धमा नहोस् भन्ने हाम्रो प्रतिवद्धता हुनुपर्दछ।

**अरूप्रतिको प्रेम, विश्वास वा आस्था (मर्कूस १२:२८-३१) परमेश्वरका आज्ञाहरूको मुख्य प्राथमिकता हुन्। अरूलाई प्रेम गर्ने अनुभव महत्त्वपूर्ण हुन्छ। साथै परमेश्वरलाई प्रेम गर्ने अनुभव होस् वा अरूलाई प्रेम गर्ने अनुभव होस् त्यो परमेश्वरको वचनले सधैं जाचिनु आवश्यक हुन्छ?**

## ३. संस्कार वा संस्कृति

हामी जहाँ भएपनि जो भएतापनि कुनै न कुनै संस्कार, रहनसहन, जीवनशैली र संस्कृतिका भाग हौं। हाम्रो सोचबिचार, मनोवेग, मनस्थिति, चालचलन आदि हाम्रो संस्कृति वा सभ्यताले प्रभाव पारेको हुन्छ र हाम्रो व्यक्तित्वलाई त्यसले आकार दिइरहेको हुन्छ। जसबाट हामी कोही पनि उम्किनै सक्दैनौं। पौराणिक इस्राएलका मानिसहरूलाई तिनीहरूका देशका वरिपरि रहेका मानिसहरूले कस्तो प्रभाव पारेका थिए भन्ने कथाले पुरानो करार भरिएको छ। के पौराणिक इस्राएल वा सभ्यताभन्दा हामी अहिले केही फरक छौं त वा विज्ञानको प्रगति वा आविष्कारहरूले गर्दा के हामी हिजोभन्दा आज असल मानव हौं भनेर दावी गर्न सक्छौं र?

जुन परिवेशमा परमेश्वरको वचन दिइएको थियो त्यो परिवेश पनि बिशेष संस्कार, रहनसहन वा संस्कृतिमा दिइएको थियो तर उहाँको वचन कुनै संस्कृति वा संस्कारमा सिमित भएको थिएन। मानिस रहेको समाज, संस्कृति र सभ्यताले बाइबललाई बुझ्न प्रभाव पार्छ भन्ने कुरालाई हामी वेवास्ता गर्न त सक्दैनौं। तर हामीले यो कुरा कहिल्यै पनि भुल्न हुन्न कि बाइबल कुनै जात, वर्ण, लिङ्ग, सभ्यता, सामाजिक प्रतिष्ठा वा सभ्यता, राष्ट्रको परिधिभित्र सिमित नभएर अपार वा तिनीहरूको परिधिलाई उखेलेको धर्मशास्त्र हो। कुनै पनि मानवीय संस्कार, संस्कृति, सभ्यता वा समाजबाट अपार वा माथिल्लो स्तरमा बाइबल रहेकोले ती संस्कार, संस्कृति, सभ्यता वा समाजमा रहेका कुनै पनि व्यक्तिलाई आमूल परिवर्तन गर्न र सबै मानव सभ्यतामा भएका पापको तत्वलाई सच्याउने खुबी यसमा छ।

**१ यूहन्ना २:१५-१७ पढ्नुहोस्। कुन स्थितिको संसारलाई हामीले प्रेम गर्नुहुन्न भनेर यूहन्ना आफ्नो भनाइ प्रस्तुत गर्दछन्? हामी संसारमै रहेतापनि संसारको ढाँचा वा संसारसँग प्रतिस्पर्धा नगरि कसरी जिउने? (वा माछा पानीमा रहेतापनि माछा पानीको होइन भने जस्तै हामी पनि संसारको खराब तत्वहरूमाथि पौडिएर कसरी बस्ने? -अनुवादकको जिज्ञासा)। हेर्नुहोस्, "१५**

**संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। १६ किनकि *संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी* पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्। १७ संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ।"**

परमेश्वरले सृष्टि गर्नुभएका सबै सृष्टिलाई पापले असर पारेको छ भनेझैं मानवीय संस्कार, संस्कृति, सभ्यता, समाज रहनसहन आदिलाई पनि पापले प्रभाव पारिरहेको हुन्छ। त्यसको परिणामस्वरुप मानव समाज, संस्कार, संस्कृति र सभ्यता पनि परमेश्वरले गर्नुहुने न्यायको परिधिमा परेको छ। हो, हाम्रो संस्कृति वा संस्कारका कुनै न कुनै पक्ष होलान् जुन हाम्रो विश्वाससँग राम्ररी मिलेको हुन्छ। तर बाइबलप्रतिको आस्था वा विश्वास र संस्कृति रहनसहन आदिको बीचमा भएको भिन्नतालाई हामीले सधैं होसियारपूर्वक हेर्न जरुरी छ। आदर्शकै कुरा गरौं भने मानव सभ्यता वा संस्कृतिलाई बाइबलीय आस्थाले चुनौति दिएको हुन्छ र दिनु पनि पर्छ र परमेश्वरको वचनप्रति बफादार हुन छुट्टै संस्कार बसालिनुपर्दछ। यदि माथिबाट आएको कुराले हामीलाई अठ्याएन भने वा परमेश्वरको वचनको अंङ्कुस लागेन भने हाम्रो वरिपरि रहेका वातावरण वा संस्कारले हामीलाई सजिलैसँग निलिदिनसक्छ। यसबारे एलेन जी ह्वाइटले एक अत्यन्तै महत्त्वपूर्ण र सान्दर्भिक भनाइ यसरी व्यक्त गर्छिन् "संसारका नीति र चासोहरूबाट येशूका अनुयायीहरूले अलग बस्नुपर्दछ। तर त्यसको अर्थ तिनीहरू संसारबाट अलग भएर छुट्टै बस्ने होइन। मुक्तिदाता निरन्तररूपमा मानिसहरूको बीचमा घुलमिल गर्नुभयो तर परमेश्वरको कुनै इच्छाबिपरीत जान उहाँले तिनीहरूलाई उत्साहित गर्नुभएन तर तिनीहरूको मनोबललाई उच्च पार्दै र तिनीहरूको प्रतिष्ठालाई उचाईंमा राख्न उहाँ सक्रिय हुनुभएको थियो।"-काउन्सिलस् टु पारेन्टस्, टिचर्स, एण्ड स्टुडेन्टस्, पृ. ३२३बाट रूपान्तरित।

**तपाईं जो भएतापनि वा जहाँ भएतापनि तपाईंको संस्कार वा संस्कृतिका पक्षहरू के के छन् जुन बाइबलीय आस्था बिपरीत छन्? अझ वास्तविक रूपमा भन्ने हो भने तपाईंको विश्वास वा आस्थालाई भ्रष्ट पार्ने संस्कार वा संस्कृतिको सामु तपाईं निडर भएर कसरी परमेश्वरप्रतिको आस्थामा अडिग भएर बस्ने?**

## ४. तर्क

संसारका मानिसहरूले उब्जाएका अनेकौं दर्शन र आवाजहरू परमेश्वरको अस्तित्वलाई हाँक दिने तर्कहरू होइनन् तर परमेश्वरको वचनमा भर पर्नुपर्छ र हाम्रो दिमागमा प्रभु येशूको उपस्थिति र उहाँका वचनहरूद्वारा हामीलाई बसमा राख्न किन जरुरी छ? परमेश्वरको भय मान्नु वा उहाँप्रति श्रद्धा राख्नु नै सबै असल बुद्धिज्ञानको सुरु किन हो? हेर्नुहोस्, २ कोरन्थी १०:३-६ "३ किनभने हामी संसारका हौं, तापनि सांसारिक लड़ाइँ त लड्दैनौं। ४ किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ। ५ परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं। ६ तिमीहरूको आज्ञाकारिता पूरा भएपछि हरेक अनाज्ञाकारितालाई दण्ड दिन हामी तयार बस्नेछौं।", हितोपदेश १:७ "परमप्रभुको भय नै ज्ञानको सुरु हो, तर मूर्खले बुद्धि र अनुशासनलाई तुच्छ ठान्दछ।" अय्यूब २८:२८ "अनि उहाँले मानिसलाई भन्नुभयो, 'परमेश्वरको डर नै बुद्धि हो, र दुष्टताबाट अलग रहनु समझशक्ति हो।", भजनसंग्रह १११:१० "परमप्रभुको भय बुद्धिको सुरु हो, उहाँका आदेशहरू पालन गर्नेहरूको समझशक्ति ठीक हुन्छ, उहाँको प्रशंसा सधैंभरि रहिरहन्छ।" र हितोपदेश ९:१० " "परमप्रभुको भय मान्नु नै बुद्धिको सुरुआत हो, र परमपवित्रको ज्ञान नै समझशक्ति हो।"

परमेश्वरले हामीलाई सोच्न र तर्क गर्ने सामर्थ दिनुभएको छ। मानिसको प्रत्येक क्रियाकलाप र प्रत्येक धार्मिक वा दार्शनिक तर्कबितर्क गरेर सोच्ने दिमाग हामीमा छ र त्यसबाट निष्कर्षमा पुग्न सक्छौं भनेर हामी अनुमान गर्दछौं। अन्धविश्वास वा तर्कहिन आस्था, दर्शन वा विश्वासलाई हामी मान्दैनौं। पश्चिमी समाज वा जगतमा अठारौं शताब्दीलाई बौद्धिक वा प्रबुद्ध ज्ञानको आन्दोलनको युग वा एज अफ इलाइटमेन्ट भनेर सम्बोधन गरिन्छ। त्यसबेला मानिसहरूको बुद्धि र ज्ञानले नयाँ मोड लिएको थियो। सही सोच्ने सामर्थ्य र ठिक निष्कर्षमा पुऱ्याउन मानव तर्कले नयाँ र उच्च स्थान पाएको थियो। परमेश्वरले दिनुभएको सोच्ने विवेकलाई सिमा नघाएर मानव तर्कले प्राथमिकता पाउनुपर्छ भन्ने बौद्धिक जागरण फैलिएको थियो।

हामीमा हुने सबै ज्ञान हाम्रो ज्ञानेन्द्रिय (आँखा, कान, छाला, नाक र जिब्रो) अनुभवको आधारमा हुनुपर्नेमा मानव तर्क नै बुद्धि वा ज्ञानको मुख्य

स्रोत हुनुपर्छ भनेर फरक दृष्टिकोण वा धार प्रस्तुत गरिएको थियो। यस दृष्टिकोण वा धारलाई तर्क वा बुद्धिवाद भनिन्छ। सत्य भनेको हाम्रो ज्ञानेन्द्रीय वा शारीरसँग सम्बन्धित छैन तर तर्क र दिमागको खेल हो भन्ने त्यो वादको सिद्धान्त हो। अर्को शब्दमा भन्ने हो भने कतिपय सत्यहरूको अस्तित्वलाई मानिसहरूको तर्कले सिधै बुझ्न सकिन्छ भन्ने त्यस तर्कवादले सिकाउँछ। सत्यको स्तर र त्यसलाई जाँच्न मानिसहरूको तर्कलाई त्यसले मुख्य स्थान दिएको थियो। मानव तर्क नै नयाँ आधिकारिक शक्ति भएको थियो जसको सामु सबै झुक्नुपरेको थियो। त्यसको सामु चर्च र नाटकीयरूपमा भन्ने हो भने बाइबल परमेश्वरको वचन हो भन्ने आधिकारिक प्रमाणको स्रोत नै मानव तर्क भएको थियो। मानिसको तर्क अनुसार कुनै प्रमाण गर्न सकिएन भने त्यसलाई निकम्मा ठानिन्थ्यो र त्यसको वैधानिकताप्रति प्रश्न उठाइन्थ्यो। यस खालको मनस्थितितिले बाइबलका ठूला भागहरूलाई असर पारेको थियो। सबै आश्चर्यकर्महरू, परमेश्वरको अलौकिक कामहरू, येशूको शारीरिक पुनरुत्थान, कन्या स्त्रीबाट उहाँको जन्म, छ दिन लगाएर गरिएको सृष्टि आदि सत्य होइनन् त्यसकारण त्यस्तो शिक्षामा भर पर्नुहुन्न भनेर ती बौद्धिक वा बुज्रुक वर्गहरूले जोड दिएका थिए।

सत्य त यो हो कि हामीले सम्झिनुपर्ने कुरामा हाम्रो तर्क वा वौद्धिक ज्ञान वा सम्पदामा पनि पापले प्रभाव पारेको छ र येशूको बशमा त्यसलाई ल्याउन जरुरी छ। मानव समझशक्ति अन्धकारमय छ र तिनीहरू परमेश्वरबाट अलग भएका छन् (मानिसको तर्क नै सर्वोपरी हो भन्ने सिद्धान्तले उसको मनस्थिति कस्तो बनाउदो रहेछ भनेर पावलले यसरी व्यक्त गरेका छन् "१७ अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरू अबदेखि उसो नजिओ। १८ तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। १९ तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन्।" एफिसी ४:१७-१९)। हाम्रो बुद्धिज्ञान र दिमागलाई परमेश्वरको वचनले चहकिलो पार्नुपर्दछ। बाइबल अनुसार परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुभएकोले हाम्रो संरचना परमेश्वरबाट स्वतन्त्र वा स्वयंशासित भएर चल्न होइन भन्ने कुरालाई हामीले ख्याल राख्नुपर्छ। बरू सबै ज्ञानको सुरुवात

परमेश्वर नै हुनुहुन्छ त्यो पनि उहाँप्रतिको भय वा श्रद्धा वा उहाँको अस्तित्वलाई स्वीकारेर मात्र हुन्छ भनेर बाइबलको हितोपदेश र अरू पुस्तकहरूमा प्रस्तुत गरिएको छ। जब हामीले परमेश्वरको प्रकाश वा ज्योतिलाई ग्रहण गऱ्यौं, परमेश्वरको वचनमा बुनिएर बस्न सक्यौं, हाम्रो जीवनमा परमेश्वरको वचनलाई सर्वोच्च स्थान दिन सक्यौं, र बाइबलमा लेखिएका कुराहरू पालन गर्न सक्यौं भनेमात्र हाम्रो सबै तर्क ठिक हुन जान्छ (त्यसले मानिसको जीवनलाई सार्थकता दिन्छ-अनुवादकको थप)।

**सयौं वर्ष अघि अमेरिकाको राष्ट्रपति थोमास जेफरसनले उनको तर्कसँग सहमत नभएको सबै कुराहरू काटेर आफ्नै नयाँ करारको पुस्तक निकालेका थिए। येशूका प्रायजसो सबै आश्चर्यकर्महरू, उहाँको पुनरुत्थान आदि उहाँले आफ्नो नयाँ करारमा हटाएका थिए। सत्यलाई बुझ्न जतिसुकै मै हुँ भन्ने बुद्धिजीवि मानिसको तर्क पनि कति सिमित हुन पुग्दोरहेछ भनेर त्यसले हामीलाई कसरी सिकाउँछ?**

## ५. बाइबल

जुन पवित्र आत्माले मानिसहरूको निम्ति दिइएका बाइबलमा भएका विषयहरू प्रकट र प्रेरित गरिएका थिए उहाँ परमेश्वरको वचनको बिपरीत कहिल्यै पनि जानुहुन्न वा त्यसबाट मानिसहरूलाई बराल्नुहुन्न। सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति बाइबलको आधिकारकिता वा अधिकार मानिसको कुनै पनि परम्परा, संस्कार, संस्कृति, अनुभव, तर्कभन्दा सर्वोच्च छ। मानव जीवनको प्रत्येक थोकलाई जाँच्ने औजार नै बाइबल हो। बाइबल नै हाम्रो आदर्श मार्ग हो।

**बाइबल नै सबै आत्मिक ज्ञानहरू बुझ्ने अन्तिम स्रोत हो भन्ने येशूको अडान थियो। येशू नै सत्य मसीह हुन् भनेर बाइबलले कसरी अनुमोदन गर्दछ? हेर्नुहोस्, यूहन्ना ५:४५-४७ "४५ "यो नसम्झ, कि म पिताको सामु तिमीहरूलाई दोष लाउनेछु। तिमीहरूलाई दोष लाउने त मोशा छन्, जसमा तिमीहरूले आफ्ना आशा राखेका छौ। ४६ किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए। ४७ तर तिमीहरू उनले लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?" र यूहन्ना ७:३७,३८ "३७ अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही**

**तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। ३८ जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।"**

बाइबल अध्ययन नगर्ने वा अरू नै किन नहोउन् कतिपय मानिसहरूले "मैले परमेश्वरको दिव्यदर्शन पाएको छु, उहाँबाट सन्देश मलाई दिइएको छ, पवित्र आत्माले मलाई आदेश वा निर्देशन दिनुभएको छ" भन्ने जस्ता दावीहरू गर्छन् तर यस्तो दावी बाइबलीय सन्देश बिपरीत छ। परमेश्वरको वचनभन्दा पवित्र आत्माले उच्च प्राथमिकता पाएको तिनीहरू देखाउँदछन्। जो परमेश्वरको प्रेरणाबाट पाएको लिखित वचनलाई वेवास्ता गर्दछन् र त्यसमा लेखिएको स्पष्ट सन्देशलाई नकारेर चल्छन् त्यो व्यक्ति खतरापूर्ण जमीनमा हिंडिरहेको हुन्छ र ऊ परमेश्वरको आत्माको अगुवामा चलिरहेको हुँदैन। हाम्रो आत्मिक सुरक्षा केवल बाइबललेमात्र दिंदछ। विश्वास, रहनसहन वा विश्वासी जीवनशैली बाइबलकै आदर्शमा चल्नुपर्दछ। "धर्मशास्त्र बाकइबलबाट पवित्र आत्माले हाम्रो दिमागमा बोल्नुहुन्छ र हाम्रो हृदयमा सत्यको प्रभाव पार्नुहुन्छ। उहाँले गलत तत्वहरूलाई उदाङ्गो पार्नुहुन्छ र त्यसलाई हाम्रो जीवनबाट निकाली दिनुहुन्छ। परमेश्वरको वचनलाई काम गर्न दिएर सत्यको आत्माले नै ख्रीष्टका चुनिएका मानिसहरूलाई उहाँको बशमा राख्न दिनुहुन्छ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ६७१बाट रूपान्तरित।

परमेश्वरको वचनको सट्टामा पवित्र आत्माले ठाउँ लिनुहुन्छ भनेर हामीले कहिल्यै पनि सोच्नुहुदैन। बरू धर्मशास्त्रसँगै तालमेल गरेर उहाँले काम गर्नुहुन्छ र बाइबलबाट नै हामीलाई ख्रीष्टतिर तान्नुहुन्छ जसले गर्दा हाम्रो बाइबलीय आत्मज्ञानको आधिकारिकता बाइबल नै हुन्छ। हाम्रो जीवनको सबै पक्षहरू बाइबल सम्मत हुनुपर्दछ। बाइबललाई केलाएर त्यसलाई ठिक वा वेठिक भनेर न्याय आशनमा बस्ने काम हाम्रो होइन। बरू हामीलाई न्याय गर्न र हाम्रो सोचलाई जाँच्ने अधिकार परमेश्वरको वचनलाई नै दिइएको छ। यो परमेश्वरको आफ्नै लिखित वचन हो।

**आत्मिक खोजिनीति वा प्रश्नहरूलाई जाँच्ने आधार हाम्रो सोचबिचार वा तर्कलाई भन्दा बाइबललाई नै लिए किन हामी आत्मिकरूपमा सुरक्षित हुन सक्छौं? जब सबै शिक्षादीक्षा वा हाम्रो आफ्नै आत्मिक अनुभव पनि बाइबलको आदर्श अनुसार जाँचिएन वा स्वीकार गरिएन भने त्यसको नतिजा के हुन्छ? यदि व्यक्तिगतरूपमा दिव्यदर्शन पाएको छु भनेर त्यसैलाई आत्मिक प्रश्नहरूको**

**अन्तिम स्रोत मानियो भने हामी कति गलत दिशामा गइरहेका हुन्छौं वा आत्मिक जगतमा अन्यौल र भद्रगोलतर्फ लागिरहेका हुन्छौं होला?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५९३-६०२को "द स्क्रिप्चर अ सेफ गार्ड।"

परम्परा, अनुभव, संस्कार, संस्कृति, रहनसहन र तर्कहरू परमेश्वरको वचन अध्ययन गर्दा हाम्रो दिमागमा घुसि नै रहेको वा प्रतिविम्बित भइ नै रहेको हुन्छ। तर निर्णायक प्रश्न त यो छः हाम्रो धार्मिक शिक्षादीक्षामा हाम्रो आधिकारिक स्रोत के हो त? अर्थात् हाम्रो आत्मज्ञान कसको बशमा राखिनुपर्छ? बाइबललाई विश्वास गर्छु भन्ने एक पक्ष हो भने पवित्र आत्माको सेवाकार्यद्वारा हाम्रो जीवनलाई बाइबललाई काम गर्न दिने र जीवनलाई परिवर्तित वा प्रभाव पार्ने अर्को निर्णायक पक्ष हो। केही हदमा भन्ने हो भने हाम्रो परम्परा, संस्कार, संस्कृति, रहनसहन, अनुभव र तर्कहरू आफैमा नराम्रा हुन्छन् भन्न मिल्दैन। तर पवित्र धर्मशास्त्रसँग वा त्यसका शिक्षादीक्षासँग तिनीहरू बेमेल हुन्छन् भने तिनीहरू समस्या भएर खडा भइरहेका हुन्छन्। यस्तो वातावरण त प्रायजसो हामीले अपेक्षा गरेकै हुन्छौं। तर सबैसँग मिल्ने नाउँमा परमेश्वरको वचनलाई ओझेलमा पारेर सम्झौता गर्नु अत्यन्तै खराब हुन जान्छ। चाहे पुरानो करारमा होस् वा नयाँ करारमा होस् वा आधुनिक जगतमा नै किन नहोस् जब परमेश्वरको वचनबाट अलगिएर अरू तत्वहरूलाई प्राथमिकता दिइयो भने मानिसहरू धार्मिकरूपमा भ्रष्ट भइरहेको इतिहासले पनि बताउँछ र अहिले पनि देखिरहेकै छौं।

## चिन्तनमनन:

**अ. परमेश्वरको व्यवस्था अनुसार चल्नुभन्दा अनेकौं मानवीय परम्परालाई प्राथमिकता दिइरहनु किन सजिलो छ? परमेश्वरलाई हाम्रो सारा हृदयले, आत्माले र दिमागले प्रेम गर्नु र छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु भन्ने बाइबलको शिक्षालाई मान्न गाऱ्हो भएको किन धेरैले महसुस गरिरहेका छन्? (मत्ती २२:३७-४०)?**

**आ. हाम्रो चर्चमा परम्पराले कसरी भूमिका खेल्नुपर्छ? धार्मिक परम्परामा आशिष र चुनौतिहरू के के छन्?**

इ. जतिसुकै असलै किन नहोस् हाम्रो परम्पराले परमेश्वरको वचनलाई किन छोप्न दिनुहुन्न वा धर्मशास्त्र बाइबलभन्दा परम्परा नै हाम्रो अन्तिम आधिकारिक आवाज हो भनेर किन भन्न मिल्दैन?

ई. मानौं कसैले आइतबार नै परमेश्वरले दिनुभएको विश्रामको दिन र उहाँको आराधना गर्ने दिन हो भनेर नयाँ करारले बताएको छ भनेर आफ्नो दर्शनमा परमेश्वरले बोल्नुभयो रे! यस्तो खालको दावीलाई तपाईं कसरी जवाफ दिनुहुन्छ र हाम्रो अनुभवलाई परमेश्वरको वचनले नै सधैं जाँच्नुपर्छ भन्ने जिकिरलाई किन पकडिरहनु आवश्यक छ?

उ. तपाईं कुन संस्कार, संस्कृति रहनसहनमा झुम्मिनुभएको छ? त्यसले तपाईंको विश्वासलाई कसरी प्रभाव पारिरहेको छ? इसाई इतिहासमा के यस्ता उदाहरणहरू छन् जसले परम्परा, संस्कृति आदिको प्रभावमा परेर मानिसहरू परमेश्वरबाट तर्किएका छन् वा ती परम्परा वा संस्कृति असलै भएतापनि पछि त्यसले नकारात्मक रूप लिएको के तपाईंलाई थाहा छ? त्यसबाट हामीले के पाठ सिक्नसक्छौं जसले गर्दा अहिले नै हामी त्यो गलत बाटो नअपनाऔं वा त्याग्न सकौं?

## कथा ४

## फिनल्यान्डमा अचम्मको पोको

## आन्ड्रु मेकचेस्नी, एडभेन्ट मिशन

एक दिन छ वर्षकी टिमो फ्लिन्कले अर्थर माक्सवेलले लेखेका *बाइबल स्टोरी* पाए। किताब पल्टाउँदै गर्दा उनले बादलमा स्वर्गदूतहरूको साथमा येशू आइरहनुभएको फोटो अचम्म मानेर हेरे। पढ्न नजानेकोले उनले येशूलाई एकटकले लाएर हेरिरहे। *म पनि स्वर्गदूतहरूसँग रहन चाहन्छु* फ्लिन्कले मनमनै भने।

फ्लिन्क हुर्कन्दै र किशोर अवस्थामा पुगिरहेकै बेलामा उसले परमेश्वरको सेवा गर्न चाहेको थियो। तर कम्प्युटरले गर्दा परमेश्वरप्रतिको ध्यान सेलायो। सफ्टवेर इन्जिनियर पढ्नतिर ऊ लाग्यो। त्यसबेला उसले आफूलाई एक युवाहरूको झुण्डमा समावेश गरायो। प्रत्येक शुक्रबार बेलुका तिनीहरू एक जना पास्टरसँग बाइबल अध्ययन र छलफल गर्थे। एकदिन दुधे बालकलाई बप्तिस्मा दिने कुरामा ठूलो छलफल भयो। रोमन क्याथोलिक चर्च र अरू केहीले दुधे बालकलाई पानी छर्केर बप्तिस्मा दिन्छन्। त्यस अध्ययन र छलफल टोलीका धेरै युवाहरू आइतबारे चर्चमा जान्थे। कोही पानीमा डुवाएर बप्तिस्मा दिनुपर्छ भन्ने चर्चमा जान्थे। फ्लिन्क जाने चर्चमा दुधे बालकलाई बप्तिस्मा दिइन्थ्यो। आफ्नो चर्चको पास्टरले दुधे बालकलाई बप्तिस्मा दिनुपर्छ भनेर समर्थन जनाएका थिए तर बाइबलमा त्यो प्रक्रिया कहाँ छ भन्ने उनले भेट्टाउन सकेका थिएनन्।

त्यसबेला फ्लिन्क प्रकाशको पुस्तकको अध्ययन गर्ने अर्को समूहमा समावेस भयो। प्रकाशको पुस्तक अत्यन्तै महत्त्वपूर्ण पुस्तक हो भनेर उसले महसुस गरेको थियो तर त्यस पुस्तकलाई पढेर उसले बुझ्न सकेको थिएन। त्यो पुस्तक बुझ्न उसले प्रार्थना गऱ्यो। बाइबलको विषयमा अत्यन्तै अलमल भइरहेकै बेलामा बसन्त ऋतुको बिदामा ऊ आफ्ना बाबुआमाहरूलाई भेट्न घर गयो। घरमा खाना खान बसेको बेलामा त्यहाँ एउटा किताब देख्दा उसलाई अचम्म लाग्यो। उसको बुबा धेरै पढ्न लेख्न जाँन्दैनथे। त्यसकारण त्यो किताबप्रति खुल्दुली लागेर आफ्नो बुबाले पढ्न नजानेपनि त्यो किताब के रहेछ भनेर फ्लिन्कले बुबालाई सोध्यो।

हिजो एक जना हुलाकीले यो पुस्तक ल्याइदियो। यो पुस्तक टाढाको आफन्तले पठाएका हुन्" भनेर बाबुले जवाफ दिए।

फ्लिन्कले त्यो पुस्तक ओल्टाइपल्टाइ हेऱ्यो। त्यो पुस्तकको शिर्षक थियो *द ग्रेट कन्त्रोभर्सी* र सानो अक्षरमा त्यहाँ लेखिएको थियो "पौराणिक भविष्यवाणीहरू सत्य सावित भइरहेका छन्।" त्यसबेला तुरुन्तै उसले आफू सानो हुँदा येशूको दोस्रो आगमनको फोटो देखेको कुरा उसलाई याद आयो। आफ्नो बाबुलाई पठाइएको *द ग्रेट कन्त्रोभर्सी* पुस्तक उसले तीनदिनमा नै पढेर सिध्यायो। प्रकाशको पुस्तकको बारेमा र दुधे बालकलाई बप्तिस्मा दिनुहुन्छ कि हुँदैन जस्ता धेरै प्रश्नहरूको जवाफ उसले त्यस पुस्तकबाट पायो। *यही कुरो त म खोजिरहेको* थिएँ ।उसले सोच्यो।

फ्लिन्कले गर्मी महिनाको छुट्टीमा त्यही किताब फेरि पढ्यो। अनि अर्को छुट्टीमा तेस्रो पटक फेरि त्यही किताब पढ्यो। अनि एक दिन अखबारमा एउटा विज्ञापन उसले देख्यो। एडभेन्टिस्ट चर्चमा दानिएलको पुस्तकको बारेमा अध्ययन गरिने भएकोले इच्छुक व्यक्तिहरूलाई आउनहुन भनि निमन्त्रणा गरिएको थियो। *द ग्रेट कन्त्रोभर्सीमा* उसले एडभेन्टिस्टको बारेमा पढेको थियो। ऊ एडभेन्टिस्ट चर्चमा जान थाल्यो र त्यही चर्चमा उसले बप्तिस्मा लियो। चर्चको पत्रिकामा सबै बप्तिस्मा लिनेहरूको समाचार छापिएको थियो। फिनलान्डको दुर्गम क्षेत्रमा रहेको उसको टाढाको आफन्तले फ्लिन्कले बप्तिस्मा लिएको खबर सुनेपछि ऊ अत्यन्तै खुशी भयो किनभने उनैले द ग्रेट कन्त्रोभर्सी फ्लिन्को बुबालाई पठाएका थिए।

*(फ्लिन्क कम्प्युटर पढ्न छोडेर पास्टर भए र वर्ष ४५को फ्लिन्क हाल फिनलान्ड एडभेन्टिस्ट चर्चको सञ्चार निकायको अध्यक्ष छन्। उनले देखेका बाइबल स्टोरी उनको हजुरमुमाको घरमा पुगेको थियो। उनले फिनलान्ड भाषाको त्यही किताब पाएका थिए। फ्लिन्कले आफ्नो हृदयमा द ग्रेट कन्त्रोभर्सी पुस्तक अत्यन्तै सजाएर राखेका छन्। प्रत्येक शुक्रबार परिवारको आराधना समयमा उनी त्यो किताब पढछन्। "मेरी श्रीमतीले अहिले हामीले सामना गरिरहेको गम्भिर परिस्थितिको बारेमा हाम्रा छोराछोरीहरूलाई जानकारी दिनैपर्छ भनेर सोचेकी थिइन्। त्यसकारण प्रत्येक शुक्रबार हामीले त्यो किताब पढ्ने निर्णय गऱ्यौं। यस त्रैमासिक साबथ स्कूल भेटीको केही भाग फिनलान्डले पाउनेछ)।*